जब कुनै व्यक्तिबाट पाप हुन्छ, त्यसपछि ऊ खडा हुन्छ र वुजु गर्छ, त्यसपछि नमाज पढ्छ र अल्लाहसँग क्षमा याचना गर्छ, तब अल्लाहले उसलाई क्षमा दिनुहुन्छ

"अली (रजियल्लाहु अन्हु) बाट वर्णन गरिएको छ, उहाँले भन्नुहुन्छ: "म यस्तो व्यक्ति थिएँ कि जब मैले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट कुनै हदीस सुनेँ (मैले तुरुन्तै विश्वास गरे) र अल्लाहले मलाई त्यसबाट जति चाहनुभयो, त्यति नै लाभ प्रदान गर्नुभयो। र जब कुनै सहाबा (साथी) ले मलाई हदीस सुनाउनुहुन्थ्यो, म उहाँलाई कसम खान आग्रह गर्थे। जब उहाँले कसम खानुहुन्थ्यो, म उहाँको कुरामा विश्वास गर्दथेँ। एक चोटि, अबु बक्र (रजियल्लाहु अन्हु) ले मलाई एक हदीस सुनाउनुभयो, र निश्चय नै अबु बक्रले सत्य बोल्नुभयो। उहाँले भन्नुभयो: 'मैले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई यसो भनिरहेको सुनेँ: "जब कुनै व्यक्तिबाट पाप हुन्छ, त्यसपछि ऊ खडा हुन्छ
र वुजु गर्छ, त्यसपछि नमाज पढ्छ र अल्लाहसँग क्षमा याचना गर्छ, तब अल्लाहले उसलाई
क्षमा दिनुहुन्छ । त्यसपछि उहाँले यो आयत पढ्नुभयो: "र, उनीहरूले कुनै ठुला पाप
गरेमा वा आफैंमाथि अन्याय गरेमा, उनीहरूले अल्लाहलाई सम्झन्छन् र आफ्नो पापको लागि माफी माग्छन् ।" [आलि-इम्रान: १३५] [सही] [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र इब्ने माजह तथा अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब कुनै व्यक्तिले पाप गर्छ, त्यसपछि राम्रोसँग वुजू गर्छ र त्यसपछि उभिएर आफ्नो पापको पश्चात्ताप गर्ने मनसायले दुई रकात नमाज पढ्छ र अल्लाहसँग क्षमायाचना गर्छ भने अल्लाहले उसलाई क्षमा गरिदिनु हुन्छ। त्यसपछि अल्लाहको रसुल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो आयत पढ्नुभयो: {र, उनीहरूले कुनै अश्लील कार्य गरेमा वा आफैंमाथि अन्याय गरेमा अल्लाहलाई स्मरण गरेर आफ्ना पापहरूका लागि क्षमायाचना गर्छन् । र, अल्लाहबाहेक कसले पापलाई क्षमा गर्न सक्छ र ? र, उनीहरू जानी-जानी आफ्नो कुकर्ममा हठ गर्दैनन् ।} [आलि-इम्रान: १३५]

http://www.sunnah.global/hadeeth/ne/show/65063